मेन्छयायेम गाउँपालिकाको २०७४ /०७५ को निति तथा कार्यक्रम

## **मेन्छयायेम गाउँपालिका**

वार्षिक निति तथा कार्यक्रम

गरिमामय सभामा उपस्थित हुनु भएका माननीय सदस्यज्युहरु ।

१.नेपाल राष्ट्, राष्ट्यि स्वतन्त्रता, सामाजिक न्याय र संघिय लोकतान्त्रीक गणतन्त्र, स्थापनको निम्ती आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने सम्पुर्ण सहिदहरु प्रति सर्वप्रथम भाव पुर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

२. सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपाल को संवीधान कार्यान्वयनको महत्वपुर्ण चरण र नया युगको थालनीको रुपमा स्थानिय तह, प्रदेश र संघको निर्वाचन सम्पन्न भई सकेको हुदा संघियता विकास र सम्वृद्धी र समाजवादको आधार सिला निर्माणमा योगदान पुगेको छ । यस कारण मेन्छयायेम गाउँपालिकालाई सम्वृद्ध सवल वनाउने यस ऐतिहासिक अवसरमा मेन्छयायेम वासी सम्पुर्ण जनता हरुमा हार्दिक आभार व्याक्त गर्दै सहयोगको पुर्ण सम्मान गर्दै धन्यवाद दिन चाहान्छु ।

३. मेन्छयायेम वासीहरुद्वारा लोकतान्त्रीक प्रकृया द्धारा स्थानिय सरकारको गठन पहिलो पटक भए पछि यस गाउँपालिका को सभावाट निति तथा कार्यक्रम प्रस्तुत गर्ने यो अवसरलाई खुसी व्याक्त गर्दछु । राष्टियता र राष्टिय हितको रक्षा लोकतन्त्रको सुदृढीकरण विकास निर्माण र जनताको सरोकारको विषयमा राजनितिक दल, विभिन्न संस्थाहरु तथा सरोकार वाला पक्षसँग सहकार्य गर्दै अगाडी वढ्न प्रयासरत रहने छु ।

४. संविधान को परिकल्पना अनुसार स्थानिय तहमा जनप्रतिनिधिको उपस्थीती भएको समतामुलक विभेद रहित सामाजिक न्याय युक्त र समृद्ध समाज निर्माणको लागि हो । हामी जनप्रतिनिधिहरु जनस्तरमा लोकतन्त्रको अभ्यास जनताको सेवा र सामाजिक आर्थिक रुपान्तरका लागि निर्वाचित भएका हौ । यस कारण हामी स्थानिय तहमा नया कामको थालनी गर्ने प्रमुख भुमीका निर्वाह गर्नूपर्ने भएकोले हामीले वसालेको जगमै मेन्छयायेम गाउँपालिकाको भविष्यको भाग्यरेखा कोरिने भएकोले यो काम सम्पादन गर्न ज्यादै चुनौतिपुण र गम्भीर छ । त्यसकारण हामी मेन्छयायेम गाउँपालिकाको जनप्रतिनिधी हरुले यो ५ वर्षे कार्यकाललाई निस्ठा र समर्पण को दृष्टान्त स्थापित गर्ने हिसावले प्रस्तुत हुन आवस्यक छ भन्ने कुरा यस सम्मनीत सभामा राख्न चाहान्छु ।

५. हामी स्थानिय तहका जनप्रतिनिधि हरुले सुसासन पारदिर्सीता र स्वच्छता को नमुना वन्नु पर्दछ । भष्टचार,अनियमितता,ढिलासूस्ती, सार्वजनिक सम्पतीको दुरुपयोग र निजि स्वर्थमा सार्वजनिक ओहदाको दुरुपयोग जस्ता कुरा हरुलाई कडाई का साथ नियन्त्रण गर्न सक्नु पर्दछ । हामी जनप्रतिनिधिहरुको भुमीकाले धेरै हदसम्म समानता समृद्धि र जनताको उज्वल भविष्यको जनचाहानालाई मुर्तरुप दिने हाम्रो ५ वर्षे कार्यकाललाई सम्झीन लायक वनाउन विषेश स्थान दिनु पर्दछ भन्ने कुरा यस सम्मानित सभाद्धारा सवैमा अनुरोध गर्न चाहान्छु ।

६. हामी जनप्रतिनिधिहरुले मेन्छयायेम गाउँपालिकाको ईतिहास र सास्कृतिक पहिचान लाई उच्च महत्वका साथ अगाडी वढाउनु पर्दछ । प्राचिन धरोहर तथा पुरातात्वीक सम्पदाको संरक्षण र सर्म्वद्धन गर्दै यस भुमी भित्रका मुर्त र अमुर्त सास्कृतिक खोजी भाषिक र सास्कृतिक विविधता वहुलता को सर्म्वद्धन र आफ्नो ठाउँप्रति गौरव गर्दै त्यसलाई सुपरिचीत र समृद्ध वनाउने संकल्प र आत्माविश्वास जगाउनु पर्दछ ।

७. स्थानिय तहहरु लोकतन्त्रका आधार स्तम्भ हुन । जनतावाट प्रत्यक्ष निर्वाचित जनताले प्रत्यक्ष अनुभुत गर्ने जनतालाई प्रत्यक्ष राज्यको सेवा सुविधाको अनुभुति दिलाउने सवैभन्दा नजिकको सरकार हो । त्यसकारण हामी जनप्रतिनिधी हरुले लोकतन्त्रको मुल्य मान्यताको प्रवद्धन मानव अधिकारको प्रत्याभुती , सामाजिक न्याय समानता हरेक विभेदको अन्त्य र जनतालाई ससक्त र अधिकार सम्पन्न वनाउने काममा सकृय पहल कदमी लिनु पर्दछ भन्ने कुरा यस सभामा राख्न चाहान्छु ।

८. विकास र समृद्धिका सम्वाहकका रुपमा हामी जनप्रतिनिधिहरुको भुमीका प्रभावकारी हुनु पर्दछ । यसकालागि हामीले आधुनिकीकरणमा जोड दिदै भौतिक संरचनामा मात्र होईन चिन्तनमा पनि आधुनिकतामा विकास गर्न जरुरी छ । सभ्य संस्कार युक्त समाज र वैज्ञानिक चिन्तनको विकास गर्नु पर्दछ । मेन्छयायेम गाउँपालिकाका हामी जनप्रतिनिधिहरुले जातिय भेदभाव लैङ्गिक विभेद महिला हिंसा छोराछोरी प्रति पक्षपात जस्ता विषममा नियन्त्रण गर्नू

पर्दछ । श्रमलाई सम्मान गर्दै देशलाई माया गर्ने अग्रज हरुको कदर गर्ने जस्ता मुल्य मान्यता हरुको पालना गर्नू पर्दछ । यसरी सभ्य समाज निर्माण गर्ने सन्दर्भमा हामी नायक वन्नु पर्दछ ।

९. मेन्छयायेम गाउँपालिकाले आफ्नो गाउँ आफै वनाउ जस्ता कार्यक्रम वनाई जनतालाई तत्काल परिर्वतनका अनुभुति हुने खालको ठोस योजना वनाउनु पर्दछ । सेवा प्रवाहलाई चुस्त दुरुस्त जनताहरुलाई सुसासनको अनुभुति सेवामा सहजता समस्या समाधानमा तत्परता निरन्तर जनता सँग अन्तरक्रिया तथा आवस्यकताको पहिचानका आधारमा यस मेन्छयायेम गाउँपालिका को सरकार ले अनुभुति दिलाउन सक्रिय दृढताको साथ लाग्ने कुरा यस सभाद्धारा सम्पुर्णमा विस्वास दिलाउन चाहान्छु ।

१०. सीमित वजेट र श्रोत साधनका वीच पनि आम मेन्छयायेम गाउँवासीको विकास निर्माणको आर्थिक चाहान लाई पुर्ति गर्न अधिकतम प्रयत्न गर्नूपर्ने आभाष यो कार्यक्रम मार्फत अवगत गराउन चाहान्छु । निति तथा कार्यक्रम हरुको सफल कार्यान्वयन आम गाउँवासीहरु वीचको एकतावद्ध प्रयासले मात्र सम्भव हुने हुदा समृद्ध मेन्छयायेम निर्माणको अभियानमा एकजुट भएर अघि वढ्नका लागि सम्पुर्ण गाउँपालिकाका सदस्यहरु वुद्धिजीवि पत्रकार समाजसेवी लगायत सम्पुण गाउँपालिका वासीहरुमा हार्दिक अपिल समेत गर्दछु ।

माननीय सदस्यज्यूहरु ,

अव म यस आर्थिक वर्षको नीति तथा कार्यक्रम  सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

**१. पूर्वाधार क्षेत्र सम्वन्धी नीति :**

क.मूख्य सडकहरुलाई प्राथमिकतामा राख्दै सवै वडावाट सदरमुकाम जाने सडक वाह्रै महिना सञ्चालनमा आउन सक्ने गरी स्तरोन्नती गरिने छ ।

ख. आगामी दुई आर्थिक वर्ष भित्र गाउँपालीका सवै वडा लाई सडक सञ्जालमा जोडी आगामी ४ बर्ष भित्रमा व्यवस्थीत चक्रपथ निर्माण गरिने छ ।

ग. स्थानीय सरकार सञ्चालन सरकार संचालन ऐनमा भएको व्यवस्था अनुसार मूख्य सडक तथा भित्रि सडकहरुको दाया वायाँ अधिकार क्षेत्र निर्धारण गरी लागु गरिने छ ।

घ. सडक लगायतका पूर्वाधार निर्माण गर्न भनि गठित उपभोक्ता समितिहरुलाई सडकको दिगोपना र मर्मत सम्भार,वातावरणीय प्रकोप न्यूनीकरण समेतमा विशेष जिम्मेवार र जवाफदेही वनाउने नीति लिइनेछ ।

ङ. सार्बजनिक निजी साझेदारीको अवधारणा अनुसार यस गाउँपालीकमा जनताले प्रत्यक्ष उपभोग र प्रयोग गर्ने ठुला योजना तथा आयोजनाहरुको पुर्व सर्वेक्षण, सर्वेक्षण तथा बिस्तृत परीयोजना प्रतिवेदन बनाई कार्यन्वयनमा ल्याइने छ ।

च. बिद्युतीकरणको नभएका वडाहरुमा यसै वर्ष विधुतिकरण गरिनेछ भने, काठका विधुत पोल क्रमिक रुपमा सवै वडाहरुमा विस्थापन गरिनेछ ।

छ. भू-कम्पको जोखिमलाई मध्यनजर गरि नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालले जारी गरेको वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धीत आधारभूत मार्गदर्शन २०७२ लाई सार्वजनिक तथा नीजि भवनहरुमा अयिनवार्य रुपमा लागु गरिने छ ।

ज. भूकम्पीय जोखिम न्युनिकरण तथा व्यववस्थित वस्ती विकासको लागि एकिकृत वस्ती तथा भवनको नक्सा पासको व्यवस्था लागु गरिने छ ।

झ. भौतिक संरचना निर्माण गर्दा महिला मैत्री ,वालमैत्री तथा अपाङ्गमैत्री भवन निर्माण गरिने छ ।

**२.आर्थिक विकास सम्वन्धी नीति**

क. पकेट क्षेत्रको अवधारणालाई कार्यान्वयनमा ल्याईने छ ।

ख. सुन्तला, कागती,अलैची,  चिया जस्ता नगदेवाली, चिराईतो जस्ता जडिवुटीको उत्पादन लाई विशेष प्रोत्साहन गरिने छ ।

ग.कृषि उपजको संकलन तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

घ. उन्नत नश्लका पशुपालन तर्फ कृषि समूह तथा सहकारी मार्फत   प्रोत्साहन गरिने छ ।

ङ. मेन्छयायेम गाउँपालिकाको क्षेत्रमा रहेका ऐतिहासिक , धार्मिक तथा साँस्कृतिक तथा प्राकृतिक धरोहरहरु समेटी पर्यटन गुरुयोजना निर्माण गरि सो धरोहरहरु संरक्षण, संवर्द्दन तथा आर्थिक उपार्जनको खोजी गरिने छ ।

च. नेपालको संविधानमै उल्लेख गरिएको सहकारी क्षेत्रलाई ,आगामी आर्थिक वर्ष देखि उच्च प्राथमिकतामा राखी सहकारी मार्फत सम्वृद्धिको लक्ष्य राखिने छ ।

छ. वित्तिय क्षेत्रसँग समन्वय गरि विभिन्न आयोजना परियोजनाहरु संचालन गर्न पहल गरिनेछ ।

ज. उधोग धन्दा संचालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनछ । बजार क्षेत्रमा सञ्चालनमा रहेका व्यवसायीहरुलाई करको दायरामा लिई , मर्यादित व्यवसाय विकासको लागि पहल गरिनेछ

**३.सामाजिक विकास सम्वन्धी नीति**

क.सामुदायिक विद्यालयहरुको भौतिक तथा गुणस्तरीय सुधारको लागि आवश्यक पहल गरिने छ ।

ख. सूचना प्रविधि मैत्री विद्यालयको अवधारणालाई आत्मसाथ गर्दै माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गरिनेछ ।

ग.शिक्षण पेशालाई मर्यादित र सम्मानित पेशा भएकाले , यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षकहरुमध्ये उत्कृष्ट एक जनालाई प्रोत्साहन स्वरुप नगद पुरस्कार सहित सम्मान गरिनेछ ।

घ. अति विपन्न परिवारका जेहेन्दार छात्रछात्रालाई छात्रवृतिका लागि आवश्यक व्यवस्था गरिनेछ ।

स्वास्थ्य संस्थाहरुमा औषधीको अभाव हुन नदिन आवश्यक वजेटको व्यवस्था गरिने छ ।

ङ. स्वास्थ्य चौकीहरुको भौतिक पूर्वधारमा स्तर उन्नती गरिने छ । प्रसुती सेवालाई व्यवस्थित गरिने छ । मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्न विशेष व्यवस्था गरिनेछ ।

च. सवै वडाहरुमा साना तथा मझौला स्तरको आयोजनालाई संचालनमा ल्याई यस वर्ष खानेपानीको समस्या न्यूनिकरण गर्ने र ३ वर्ष भित्रमा खानेपानीको समस्या पूर्णरुपमा समाधान गरिने छ ।

छ. वडा स्तरमा विभिन्न आदिवासी तथा जनजातिहरुको भाषा ,संस्कृती संरक्षण,प्रवर्द्धन तथा विकासमा विशेष पहल गरिनेछ ।

ज. यस गाउँपालिकावाट प्रवाह गरिने सेवा सुविधामा महिला वालवालिका ,फरक क्षमता भएका ,जेष्ठ नागरिकहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

झ.महिलाहरुका क्षमता विकासको लागि सीप तथा शसत्तीकरणमा जोड दिइने छ ।

ञ. जेष्ठ नागरिकको कदर गर्दै जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिने छ ।

टे सामाजिक सुरक्षा भत्ता पायक पर्ने स्थानमा वितरण गर्ने व्यवस्था मिलाइने छ  ।

**४.वातावरण तथा विपत व्यवस्थापन सम्वन्धी नीति**

क. वन तथा वातावरण संरक्षणलाई ध्यान दिदै जथाभावी सडक तथा अन्य संरचना निर्माण गर्ने प्रवृतिलाई कडाईका साथ नियन्त्रण गरिने छ ।

ख. पहिरो तथा भू-क्षयग्रस्त क्षेत्रहरुमा वृक्षारोपण गरिनुका साथै त्यसको संरक्षण एंव संवर्द्धन गरिने छ ।

ग. जल तथा भूमि संरक्षणको साथै भूमिको उत्पादकत्व वृद्धि गरि कृषि उत्पादन वढाउन सहयोग पुऱ्याउने जलाधार क्षेत्रको एकृकित संरक्षण र व्यवस्थापन गरिने छ ।

ङ. जडिवुटीको खोज संरक्षण र प्रशोधन गर्न व्यवसायीक नीति लिईने छ ।

च. फोहरमैला व्यवस्थापनको लागी आवश्यक पर्ने ल्याण्डफिल्ड साईटको आवश्यक जग्गाको लागी पहल गरिने छ ।

छ. विपत व्यवस्थापनको लागी एक विपत व्यवस्थापन कोषको व्यवस्था गरिने छ ।

ज. गाउँपालिका क्षेत्र भित्र भईरहेको र हुन सक्ने वनक्षेत्रको अतिक्रमणलाई नियन्त्रण गरिनेछ ।

झ. विपत पश्चात तत्कालिक राहत सेवा उपलव्ध गराउन स्थानीय रेडक्रसलाई आवश्यक सहयोग उपलव्ध गराइने छ ।

**५.संस्थागत विकास र सेवा प्रवाहः**

क. सेवा प्रवाहलाई सुचना प्रविधि मैत्री वनाईनेछ । गाउँपालिकाको वेभसाईटलाई नियमित अद्यावधिक गरि गाउँ पालिकावाट प्रवाहहुने सेवाहरु तथा गाउँपालिकाका निर्णयहरु सार्वजनिक गरिने छ ।

ख. पञ्जीकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीलाई सवै वडाहरुमा प्रभावकारी ढंगले व्यवस्थापन गरिने छ ।

ङ. गाउँपालिकामा कार्यरत मानव संसाधानको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिने छ ।

च. गाउँपालिका तथा सवै वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गर्दै सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाईने छ । डिजिटल

छ. वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयको लागी आवश्यक पर्ने जग्गा प्राप्तीको लागी यथा सम्भव पहल गरिने छ र भवन निर्माणको लागी नेपाल सरकारसँग मागको लागी पहल कदमी गरिने छ ।

ज. गाउँपालिकावाट प्रवाह हुने सेवामा सेवा प्रवाहका मापदण्ड निधारण गरि कर्मचारीलाई उचित दण्ड र पुरस्कारको व्यवस्था गरिने छ ।

ञ. भिलेज प्रोफाईल र गाउँपालिका स्तरीय गुरु योजना निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।

ट. सेवा प्रवाहमा प्रभावकारीता ल्याउन वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयमा फर्निचर ,कम्प्यूटर तथा मेसिनरी औजारको आवश्यक प्रवन्ध मिलाईनेछ ।

ठ. स्थानीय तहका सवै कार्यलयहरुमा क्षतिपूर्ति सहितको प्रशासनिक सेवा लागु गरिनेछ ।

**६.वित्तीय व्यवस्थापन तथा सुशासन**

क. करको दायरा फराकिलो वनाई करका दर कम गरि कर संकलन अभियान लाई प्रभावकारी वनाईने छ । गाउँपालिका घोषण सँगै राजश्वका क्षेत्र पहिचान गरि दायर विस्तार गर्ने प्रयास गरिएको छ साथै साविकका स्थानीय तहले लगाउदै आएका सेवा शुल्क र दस्तुरको दरमा सामान्य परिमार्जन गरिएको छ ।

ख.गाउँपालिका र वडाले गरेका विकास निर्माण तथा सेवा प्रवाहका सम्वन्धमा सार्वजनिक सुनुवाईको व्यवस्था गरिनेछ ।

ग.यस गाउँपालिकाको लेखा प्रणालिलाई व्यवस्थित गर्न नविनतम प्रविधि तथा सफ्टवेयरको प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।

**माननिय सदस्यहरु**

अव म आगामी आर्थिक वर्ष २०७४/०७५ मा संचालन गर्ने आयोजना तथा कार्यक्रमहरु र विनियोजित वजेटको विवरण प्रस्तुत गर्न यस सम्मानीत सभावाट अनुमती चाहन्छु ।

१.आय तर्फ

यस आर्थिक वर्षको लागी आन्तरिक आयवाट रु १० लाख, राजस्व वाँडफाँडवाट रु ६ लाख,गत आ.व. ०७३।७४ को संचित रकम रु ५९ लाख १० हजार ५८२, वित्तीय समानिकरण अनुदानवाट रु १० करोड, शसर्त अनुदान रु ५ करोड ४१ लाख ४१ हजार गरी कुल १६ करोड १६लाख ५१ हजार ५८२ आय अनुमानित गरिएको छ ।

२ व्यय तर्फ

कुल विनियोजन मध्ये शसर्त अनुदान तर्फ रु ५ करोड ४१ लाख ४१ हजार ,समानिकरण अनुदान तर्फ, विषयगत कार्यालय (कृषि तथा पशु तर्फ ) रु ८६ लाख, ६३ हजार ८७०, गाउँ कार्यपालिका चालु अनुदान रु १ करोड ९९ लाख ३५ हजार र पुँजिगत अनुदान तर्फ रु ८ करोड ७५ लाख ७५ हजार ५८२ विनियोजन गरिएको छ ।

कुल पूँजिगत रकम रु ८ करोड ७५ लाख ७५ हजार ५८२ मध्ये विषयगत क्षेत्रहरुमा निम्ननुसार विनियोजन गरिएको छ ।

**आर्थिक विकास** (कृषि ,उद्योग तथा वाणिज्य ,पर्यटन, सहकारी ,वित्तिय क्षेत्र आदि) तर्फ रु १,१२,३३,८७०।०० विनियोजन गरिएको छ ।

**सामाजिक विकास** :- (शिक्षा ,स्वास्थ्य ,खानेपानी,तथा सरसफाई ,संस्कृती प्रवर्द्धन लैगिक समानता तथा सामाजिक समावेशीकरण ,खेलकुद तथा मनोरञ्जन आदि ) तर्फ रु २,२९,५५,०००।०० विनियोजन गरिएको छ ।

**पूर्वाधार विकास** ( सडक तथा पुल ,सिचाई ,भवन तथा सहरी विकास ,उर्जा लघु तथा साना जलविद्युत वैकलपिक उर्जा संचार आदि ) तर्फ रकम रु ३,०९,८५,०००।०० विनियोजन गरिएको छ ।

**वातावरण तथा विपत व्यवस्थापन** ( वन तथा भू-संरक्षण ,जलाधार ,संरक्षण ,वातावरण संरक्षण,जलवायु परिर्वतन, फोहरमैला व्यवस्थापन ,ल्यान्डफिल्ड साईड ,जल उत्पन्न प्रकोप नियन्त्रण, विपत व्यवस्थापन तर्फ रकम रु २०,११,७१२।०० विनियोजन गरिएको गरिएको छ ।

**संस्थागत विकास तथा सेवा प्रवाह** -(सवारी साधन फर्निचर ,ईलोक्ट्रोनिक्स सामान समेत) सामान्य सेवा, सुरक्षा व्यवस्थापन ,सूचना प्रविधि ,पंञ्जिकरण व्यवस्थापन ,स्थानीय तथ्याङ्ग संकलन र अभिलेख व्यवस्थापन ,सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास अन्यत्र वर्गिकरण नभएका ) तर्फ रकम रु २,०३,९०,०००।०० विनियोजन गरिएको छ ।

- ❖ गाउँपालिकाको कार्यालय र वडा कार्यालय व्यवस्थापन तथा गाउँपालिका पार्श्वचित्र लगायत निर्माणका लागी कुल रु. १०,००,०००।०० रकम विनियोजन गरिएको छ ।

- ❖ चालु आर्थिक वर्षमा विकासको मेरुदण्डको रुपमा रहेको सडक पूर्वाधार क्षेत्रलाई विशेष महत्व दिईनेछ , जसका लागी जम्मा रु २,५७,२०,०००।०० रकम विनियोजन गरिएको छ ।

- ❖ गाउँपालिकाको मुख्य पर्यटकिय स्थलहरुको समष्टी विकासको लागी पर्यटन गुरुयोजना तयार गर्न रु १० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

- ❖ युवा देश विकासका मेरुदण्ड हुन खेलकुदवाट युवाको क्षमता अभिवृद्धि गर्द गाउँपालिकाको विकास गर्दै समग्र मुलुकको विकासमा योगदान पुऱ्याउन हेतुले खेलकुद क्षेत्रमा रु २४,७५,०००।०० विनियोजन गरिएकोछ ।

- ❖ खानेपानीको ठूलो समस्या रहेकाले खानेपानीको सुविधा उपलव्ध गराउन खानेपानी आयोजनालाई रु७४,६५,०००।०० रकम विनियोजन गरिएको छ ।

- शिक्षाको विकासमा रु ५३,७०,०००।०० रकम विनियोजन गरिएको छ ।
- स्वास्थ्य क्षेत्रको विकासमा रु ११,००,०००।०० रकम विनियोजन गरिएको छ ।
- लैंगिक समानता तथा शसक्तिकरण कार्यक्रमलाई उच्च महत्व दिँदै रु ४३,००,०००।०० रकम विनियोजन गरिएको छ ।
- स्थानीय निकायमा साविकमा कार्यरत गाविस सचिवहरुले पाउनु भएको प्रोत्साहन भत्ताको हकमा चालु शिर्षकवाट खर्चहुने गरि गाउँपालिकामा कार्यरत सम्पूर्ण स्थायी निजामती कर्मचारी र वडा समितिको सचिवको हकमा मात्र लागुहुने गरि गाउँपालिकाकको आन्तरीक स्रोतवाट व्ययभार हुने गरि खाईपाई आएको तलवको २५%(प्रतिसत) रकम विनियोजन गरिएको छ ।
- यस गाउँपालिकामा संचालन हुने सार्वजनिक निर्माणका कार्यमा योजना व्यवस्थापन स्वरुप कुल रकमको ४ प्रतिसत (कन्टेन्जेन्सी) रकम कट्टा गरिने छ ।

धन्यवाद